# नेपाल ब्यायाम मन्दिर

## १४ औं धर्मश्री राष्ट्रव्यापी खुल्ला शारीरिक सुगठन प्रतियोगिता नियमवली २०७३

## आयोजक प्रविधिक तथा खेल संचालन

नियम (१) आयोजक तथा व्यवस्थापक

यस प्रतियोगिताको आयोजक नेपाल व्यायाम मन्दिर एक मात्र आधिकारीक आयोजक संस्था हुनेछ ।

नियम (२) खेल स्थल तथा संचालन मिति खेल प्रणाली

प्रतियोगिता खेलहरु प्रज्ञा प्रतिष्ठान कमलादी तथा संस्थाले निर्धारण गरेको स्थानमा हुनेछ । प्रतियोगिता जम्मा दुईदिन संचालन हुने छ पहिलो दिन २०७३ असोज १३ गते प्रि जजिङ्ग राउण्ड र दोस्रो तथा आन्तिम दिन २०७३ असोज १४ गते फाईनल प्रतियोगिता हुनेछ ।

नियम ३ यस प्रतियोगितामा जम्मा ७ (सात) वटा तौल समूह (५५,६०,६५,७०,७५,८० र ८० के.जि तौल) मा प्रतिस्पर्धा गराईनेछ ।

नियम (४) टिम तथा खेलाडी दर्ता

क) यस प्रतियोगितामा सहभागि हुने क्लवका खेलाडी र टिम मेनेन्जरले प्रतिव्यक्ति २०००।- (दुई हजार रुपैंया) तिरी ईन्ट्री शुल्क वुझाउनु पर्ने छ ।

ख) प्रतियोगितामा भाग लिने खेलाडी एवं संघ संस्था क्ल्वले मिति २०७३ असोज १० गते साझ ५:०० बजे सम्ममा तोकिएको शुल्क वुझाई दुई प्रति पासपोर्ट सईजको फोटो सहीत खेलाडी दर्ता गराई सक्नु पर्नेछ । यो नियम उपत्यका बाहिरका खेलाडीहरुलाई लागु हु

ग) प्रतियोगितामा भाग लिने प्रत्येक खेलाडीहरुको अनिवार्य रुपमा नेपाली नागरिकता वा सहभागीको प्रतिलिपि पेश गर्नु पर्नेछ । आवश्यक लागेमा सक्कल माग्न सकिनेछ ।

घ) एउटा क्लव/ संघ/ संस्था वाट एउटा तौल समुहमा वढीमा दुईजना खेलाडी गरी जम्मा १४ जना खेलाडीहरु र एकजना टिम म्यानेजरले सहभागीहरु पाउने छ तर आयोजकको हकमा भने यो नियम लागु हुने छैन ।

नियम ५)

काठमाण्डौं उपत्यका भित्र वाहेक अन्य जिल्लाहरु वाट भाग लिन आउने खेलाडी र टिम म्यानेजरलाई **TA/DA** वापत प्रतिव्यक्ति नगद रु.४०००। (चार हजार रुपैया मात्र) प्रदान गरिने छ । भने अन्य कुराको खर्च व्यवस्था गरिने छैन ।

(क)

असोज १२ गते विहान ९:००बजे देखि साझ ५:०० बजे सम्म टिम मेनेन्जरलाई आवश्यक जानकारी गरिनेछ भनेसाझ ५:०० बजे नेपाल ब्यायाम मन्दिरमा टिम म्यानेजहरुको मिटिङ्ग हुनेछ ।

(ख)

असोज १२ गतेका दिन प्रतियोगितालाई विवादरहित बनाउन निर्माण गरिएको खेलाडीहरुले पालना गर्नु पर्ने आचार संहितामा टिम मेनेन्जरले हस्ताक्षर गर्नु पर्नेछ ।

ग)

असोज १३ गते प्रतियोगिताको कार्यक्रम अनुसार प्रि जजिङ्ग खेल हुने दिन विहान ७:०० बजे नेपाल ब्यायाम मन्दिरमा टिम म्यानेजर र खेलाडीहरुको अनिवार्य उपस्थिति हुनु पर्नेछ । उक्त दिन विहान ८:०० बजे बाट शारीरिक तौल तथा ड्रईङ्ग लटको कार्यक्रम हुनेछ भने उक्त दिन खेलाडीहरुले प्राप्त गर्ने खेलाडी परिचय पत्र, टचाग नं., टिर्सट आदी उपलब्ध गराईने छ र दिनको ठिक १:०० बजे बाट प्रि जजिङ्ग प्रतियोगिता संचालन हुनेछ ।

(घ)

खेलाडीहरुले प्राप्त गरेको टचाग नं. हराएमा रु. ५०० जरिवाना तिरेर नँया नं. प्राप्त गर्न सकिनेछ ।

(ङ) खेल नियमावल प्रतियोगिता अन्तराष्ट्रिय नियम अनुसार खेलाईने छ ।

(च)

खेलाडीहरुले शारीरिक तौलको समयमा तोकिएको समयको घेरामा बसी आफ्नो तौल घटाऊन तथा बढाऊन पाऊने छ । समय नाघेमा मेसिनले देखाएको तौल अनुसारको समुहमा खेल्नु पर्नेछ तर जुन तौल समुहमा नाम दर्ता गराएको हो सो तौल समुह भन्दा तलको तौल समुहमा खेल्न पाईने छैन ।

नियम (६)

. कुनैपनि खेलाडीले डोपिङ टेस्ट सम्बन्धमा ऊजुरी गरेमा ऊजुरी गर्ने खेलाडी वा संघ संस्थाले लाग्ने आवश्यक दस्तुर बुझाऊनु पर्नेछ भने आवश्यक प्रविधिक सहयोग आयोजकले गर्नेछ ।

नियम (७)

प्रि- जजिङ्ग प्रतियोगिता सम्पन्न भएपछि फाईनल प्रतियोगिताको लागि प्रत्येक तौल समूहबाट ६ जना खेलाडीहरु छनौट गरी सुचना पाटीमा नाम प्रकाशित गरिनेछ ।

नियम (८)

फाइनलका लागि छानिएका खेलाडीहरुले आफुले म्युजिक राउण्डमा प्रस्तुत गर्ने धुनको सिडि वा पेनड्राइभ नेपाल ब्यायाम मन्दिरको कार्यालयमा बुझाउनु पर्नेछ । अन्यथा आयोजकले बजाएको म्युजिकमा खेल प्रस्तुत गर्नुपर्ने छ । म्युजिक राउण्डको लागि जम्मा एक मिनेटको समय दिइने छ । एक मिनेट भन्दा बढी भए धुन बजाउन रोकिने छ ।

नियम (९)

फाइनल राउण्डका लागि छानिएका खेलाडीहरु दिनको ठिक १२:३० बजे नेपाल प्रज्ञा प्रतिष्ठान कमलादिमा उपस्थित भैसक्नुपर्नेछ ।

नियम (१०)

फाइनलमा प्रवेश गरी सकेका  खेलाडीहरुले प्रतियोगिताको बीचमा छोड्ने पाउने छैन । यदि प्रतियोगिता छाडेमा निर्णायक समितिको राय सल्लाह अनुसार कारवाही गरिनेछ र सो खेलाडीले **TA/DA** पाउने छैन ।

नियम (११)

प्रत्येक समुहबाट जम्मा ६ जना खेलाडीहरुलाई फाइनल राउण्डमा प्रतिस्पर्धा गराइनेछ र फाइनल राउण्डमा प्रत्येक तौल समुहमा प्रथम हुने खेलाडीलाई स्वर्ण पदकद्धारा सम्मानीत गरी ओभरअल राउण्डमा प्रवेश गराइने छ भने दोस्रो हुने खेलाडीलाई रजत पदक सहित नगद रु. २५,०००।- (पच्चीस हजार रुपैंया) र तेस्रो हुने खेलाडीलाई कास्य पदक सहित नगद रु. १५,०००।- (पन्ध्र हजार रुपैंया) द्धारा सम्मानीत गरिनेछ भने चौथो, पाँचौ र छैठौं हुने खेलाडीहरुलाई **Token of Love** प्रदान गरिनेछ ।

नियम (१२)

फाइनल तथा ओभरअल राउण्डमा प्रत्येक समुहको स्वर्ण पदक विजेता खेलाडीहरुबीच प्रतिस्पर्धा गराई प्रथम हुने खेलाडीलाई “चौधौं धर्मश्री” को उपाधिका साथै रु. ५,००,०००।-  (पाँच लाख रुपैया) नगद पुरस्कार, ट्रफी तथा ब्यानेटले सु- सज्जित गरिने छ । त्यस्तै दास्रो, तेस्रो, चौथो, पाँचौं, छैंठौं र सातौ हुने खेलाडीहरुलाई क्रमश रु. २,००,०००।-  (दुईलाख रुपैंया) रु.१,००,०००।-  (एकलाख रुपैंया) रु. ८०,०००-। (असी हजार रुपैंया) रु. ७५,०००।-( पँच्चत्तर हजार रुपैंया) र रु.६०,०००।- (साठि हजार रुपैंया) र (५०,०००। (पँचास हजार रुपैया) नगद पुरस्कार प्रदान गरिनेछ ।

(क)

खेलाडीहरुले प्राप्त गर्ने नगद पुरस्कारमा नियम अनुसार कर कट्टी गरिनेछ ।

(ख)

कुनै पनि खेलाडीले प्रतियोगितालाई असर गर्ने गरि पर्चा पम्प्लेट टाँस गर्न पाउने छैन ।

(ग)

टचाटु भएका खेलाडीहरुले टचाटु प्रस्ट नदेखिने गरी प्रतियोगितामा भाग लिनु पर्नेछ ।

(घ)
कुनै पनि खेलाडीले माला औंठी, व्रास्लेट, सिक्री, मुन्द्री आदि लगाई प्रतियोगितामा भाग लिन पाउने छैन ।

(ङ)
आयोजना स्थलमा कुनैपनि खेलाडीले होहल्ला गरी निर्णायकहरुलाई दबाब पुग्ने खालका कुनै कार्यगर्न पाउने छैन ।

(च)
प्रतियोगिताको अवधिभर खेलाडीहरु तथा क्लव/ संघ/ संस्थाका प्रतिनिधिहरुले कुनै अभद्र व्यवहार लागु औषधी, मद्यपान तथा धम्रपान जस्ता निषेधित पदार्थ प्रयोग गर्न पाइने छैन ।

(छ)
प्रतियोगिताको उल्लेखित नियमहरु पलना नगरेको ठहरेमा आवश्यकता अनुसार यस नेपाल व्यायाम मन्दिरले आयोजना गर्ने कुनैपनि प्रतियोगितामा भाग लिन नपाउने गरी निलमबन गर्न सक्नेछ ।

नियम (१३)
प्रतियोगिता निर्णायक मण्डलीको निर्णय नै अन्तिम निर्णय हुनेछ । खेलाडी नियमावलीमा उल्लेख भएका नियमहरु नेपाल ब्यायाम मन्दिरको प्रतियोगिता अन्तर्गत रहेको हुदा टिम मेनेन्जरलाई उपलब्ध गरेको खेल प्रतियोगिता नियमावली अर्न्गत लागु हुनेछ ।
नियम (१४)
राष्ट्रिय खेलकुद परिषद् एन ओ सि, शारीरिक सुगठन संघ संस्थावाट प्राप्त तर म्याद नगुजरेको निर्णायक कार्ड भएको वा अन्तराष्ट्रिय निर्णायकहरु मध्यवाट मात्र यस प्रतियोगितामा निर्णायक भुमिका निर्वाह गरिनेछ ।

थप जानकारीका लागि
नेपाल व्यायाम मन्दिर,
ज्याठा, काठमाण्डौं,
फोन नं. ४२६९३२४,९८६०७३९४९०, का.सचिव, ९८५१०३६८९० अध्यक्ष, ९८५१०३२६५० महा सचिव
**wed : www.nepalbyayammandir.org.np,**
**Email : mail@nepalbyayammandir.org.np**
**Email : nar_pradhan@hotmail.com**